लागू औषध नियन्त्रण ब्यूरो
Narcotics Control Bureau
नयाँ बानेश्वर, काठमाडौं

# प्रेस विज्ञप्ती - ९७
# Press Release-97

मितिः-२०७०/०२/१४ गते

## विभिन्न लागू औषध सहित मानिस पक्राउ

लागू औषध नियन्त्रण ब्यूरो नयाँबानेश्वर कार्यालयबाट खटिएको प्रहरी टोलीको समूहले विगत लामो समय देखि खवर संकलन एवं निरन्तर निग्रानीको परिणाम स्वरुप लागू औषधको कारोवारमा संलग्न ९ जनालाई पक्राउ गरेको छ ।

### ला.औ.नि.ब्यूरो नयाँ वानेश्वरबाट पक्राउ :-

१) विगत लामो समय देखि लागू औषको कारोवार गर्दै पटक-पटक कारागारको जीवन वेतित गरेकाजि.सिन्धुपाल्चोक घर भै हाल काँडाघारी डेरा गरी वस्दै आएका गम्भिरमान श्रेष्ठको परिवारका अन्यसदस्यहरुले समेत लागु औषधको कारोवार गर्दै आईरहेको भन्ने विषेश सूचनाको आधारमा मिति २०७०।२।३० गते निज गम्भिरमान श्रेष्ठका छोरीहरु सि.पा.जि.तौथली गा.वि.स.नं.९ घर भई हाल का.जि.काँडाघारी बस्ने **वर्ष २३ की उर्मिला श्रेष्ठ,** ऐ.ऐ.वस्ने **वर्ष २३ की सीता श्रेष्ठ** ऐ.ऐ.९ घर भई हाल का.जि.चाबहिल बस्ने **वर्ष १८ को अनिल श्रेष्ठ** र सि.पा.जि.मेलम्चीगा.वि.स.वडा नं.५ घर भई हाल का.जि.चावाहिल बस्ने **वर्ष १७ को सुदिप रामदाम** समेतका जना-४ लाई नियन्त्रित लागू औषध **बुप्रेनर्फिन १८ र डाईजेपाम १८ गरी जम्मा ३६** एम्पूल सहित का.जि.का.पा.वडा नं. ३५ पेप्सीकोला टाउनप्लानीङ्ग संगमचोक स्थितसनराईज बैंक अगाडी सड्क किरानाबाट पक्राउ गरिएको छ ।

(२) जिल्ला नुवाकोट रातमाटे गा.वि.स. वडा नं. ५ घर वताउने **वर्ष २८ की सरस्वती बिश्वकर्मा**, मकवानपुर जिल्ला हटिया गा.वि.स.वडा नं.४ घर भएका **वर्ष २८ को यज्ञ कुमार सापकोटा** समेत जना-२ लाई मिति २०७०।०३।०६ गते लागू औषध **सेतो हेरोईन ९ (नौ) ग्राम** सहित का. जि.का.म न.पा वडा नं.४ सुकेधारा स्थित बागमती बोर्डिङ्ग स्कुल तर्फ जाने सड्क किरानाबाट पक्राउ गरिएको छ ।

अनुसन्धानको क्रममा हाल पक्राउ परेकी सरस्वती वि.क.को श्रीमान् श्रीराम वि.क.मिति २०६७ ।८।१२ गते ९९ ग्राम सेतो हेरोईन सहित पक्राउ परेका र निजकै नन्द नाता पर्ने राधिका वि.क.मिति २०६७।८।१० गते ९८ ग्राम सेतो हेरोईन सहित पक्राउ परी हाल लागू औषध मुद्धामा सजाय भोगिरहेको खुल्न आएको छ ।

(३) मिति २०७०।३।७ गते प्यूठान जिल्ला भरठ्ठाना गा.वि.स.वडा नं.६ घर भई का.जि.तीनकुने डेरा गरी वस्ने **वर्ष २६ को बल वहादुर दर्लामी मगर**लाई लागू औषध **खैरो हेरो हेराईन ७५ ग्राम** सहित का.जि.का.म.पा. वडा नं. ३५ कोटेश्वरबाट पक्राउ गरिएको छ । निजले IME मार्फत विभिन्न व्यक्तिको नाममाा पैसा पठाएको भौचर समेत बरामद गरेको छ ।

(४) काठमाण्डौ जिल्ला सुन्धारा नागस्थानमा अवस्थित एयर सुप्रिम कुरियरले आफ्नो कुरियरमा प्राप्त हुन आएको पार्सल चेकजाँच गर्दै जाँदा पूजापाठको प्रयोजनको लागि भनि हङकङ पठाउन लागिएको काचो नरिवल थान ३ माथी शंका लागि आवश्यक अनुसन्धानको लागि यस ब्यूरोलाई मौखिक जानकारी गराए पश्चात यस ब्यूरोबाट तत्कालै उक्त कुरियरमा टोली खटिगई उक्त पठाउन लागिएको नरिवलहरुको अवलोकन गर्दा शंका लागि उक्त नरिवललाई फुटाई हेर्दा उक्त नरिवल भित्र लुकाई छिपाई राखिएको अवस्थामा **७१४ ग्राम लागू औषध चरेस** फेला परेको र उक्त पार्सल बुक गर्ने व्यक्तिको सम्वन्धमा थप अनुसन्धान गर्दै जाँदा जिल्ला गुल्मी सिसिना घर भई हाल का.जि.का.म.न.पा. ६ सितापाईला डेरा गरी वस्दै आएका **वर्ष ४७ का कृष्ण प्रसाद श्रेष्ठ**लाई पक्राउ गरी निजको डेरा कोठाबाट लुकाई छिपाउन तयारी अवस्थामा राखिएको **२ किलो चरेस, गाँजा २०० ग्राम** र जटा सहितको **काँचो नरिवल थान-५** र जटा नभएको नरिवल थान ११ बरामद गरिएको । थप अनुसन्धान गर्दै जाँदा काभ्रे जिल्ला श्यामपाटी ५ भालुखर्क घर भई हाल गोगंबु ९ भण्डारीटोल वस्ने **वर्ष ३२ को सुनिल तामाङ्ग** समेतलाई पक्राउ गरिएको, निज तामाङ्गले हङकङमा बसोबास गर्ने विभिन्न लागू औषध कारोवारीहरु सँग सम्पर्कमा रहि ला.औ. चरेसको निकासी गर्ने गरेको प्रारम्भिक अनुसन्धानबाट खुल्न आएको छ ।





